# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तथा अप्राविधिक तर्फका सहायकस्तर चौथो तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३८५/२०८२-०८३, मिति २०८२/१०/२६ गते सोमबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवाका सहायकस्तर चौथो तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८२/११/२६ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ र दफा ३७ बमोजिमको योग्यता तथा दफा ३० बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. **कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फ** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको संकेत नम्बर (सिट रोल नं.) उल्लेख गर्नु पर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन विदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

७. आयोगमा बढुवाको फाराम बुझाउँदा आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकताक्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ ।

८. दरखास्त दस्तुर रु. ५००।- (रु. पाँच सय मात्र) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-**

राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा

नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००१००१००००००१ वा

कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७

कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)

राजस्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजस्वको बैंक भौचर प्रति संलग्न गर्नु पर्नेछ।

दरखास्त फाराम, प्राथमिकता निर्धारण फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३३/०८२-८३ | असिष्टेन्ट सब इन्जिनियर | चौथो | स्थानीय इन्जिनियरिङ/सिभिल | ७ |
| २ | ३४/०८२-८३ | खा.पा.स.टे. | चौथो | स्थानीय इन्जिनियरिङ/सिभिल/स्यानिटरी | १ |
| ३ | ३५/०८२-८३ | अमिन | चौथो | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| ४ | ३६/०८२-८३ | नायव प्राविधिक सहायक | चौथो | स्थानीय कृषि/कृषि प्रसार | २ |
| ५ | ३७/०८२-८३ | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | स्थानीय कृषि/भेटेरिनरी | २ |
| ६ | ३८/०८२-८३ | नायव पशु सेवा प्राविधिक | चौथो | स्थानीय कृषि/ला.पो. एण्ड डे.डे. | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ३९/०८२-८३ | खरिदार | चौथो | स्थानीय प्रशासन/सामान्य प्रशासन | १७ |
| २ | ४०/०८२-८३ | सह लेखापाल | चौथो | स्थानीय प्रशासन/लेखा | २ |
| ३ | ४१/०८२-८३ | सहायक महिला विकास निरीक्षक | चौथो | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |

# कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू

**क) प्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ४२/०८२-८३ | असिष्टेण्ट सब इन्जिनियर | चौथो | स्थानीय इन्जिनियरिङ/सिभिल | ८ |
| २ | ४३/०८२-८३ | अमिन | चौथो | स्थानीय इन्जिनियरिङ/सर्भे | १ |
| ३ | ४४/०८२-८३ | नायव प्राविधिक सहायक | चौथो | स्थानीय कृषि/कृषि प्रसार | १ |
| ४ | ४५/०८२-८३ | नायव प्राविधिक सहायक | चौथो | स्थानीय कृषि/बाली संरक्षण | १ |
| ५ | ४६/०८२-८३ | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | स्थानीय कृषि/भेटेरिनरी | १ |
| ६ | ४७/०८२-८३ | नायव पशु सेवा प्राविधिक | चौथो | स्थानीय कृषि/ला.पो. एण्ड डे.डे. | १ |

**ख) अप्राविधिक तर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | ४८/०८२-८३ | खरिदार | चौथो | स्थानीय प्रशासन/सामान्य प्रशासन | १८ |
| २ | ४९/०८२-८३ | सह लेखापाल | चौथो | स्थानीय प्रशासन/लेखा | १ |
| ३ | ५०/०८२-८३ | सहायक महिला विकास निरीक्षक | चौथो | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |

# स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तथा अप्राविधिक तर्फ सहायकस्तर चौथो तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३८६/२०८२-०८३, मिति २०८२/१०/२६ गते सोमवार**

स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**क. प्राविधिक तर्फः**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४००१/०८२-८३ | खुला | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | ४६ |
| २ | ४००२/०८२-८३ | आ.ज. | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | १२ |
| ३ | ४००३/०८२-८३ | महिला | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | १२ |
| ४ | ४००४/०८२-८३ | दलित | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | ३ |
| ५ | ४००५/०८२-८३ | थारु | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | २ |
| ६ | ४००६/०८२-८३ | मधेशी | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | २ |
| ७ | ४००७/०८२-८३ | मुस्लिम | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | २ |
| ८ | ४००८/०८२-८३ | अपाङ्ग | असिष्टेण्ट सब इन्जिनियर | ४ | स्थानीय इन्जि./सिभिल | १ |
| ९ | ४००९/०८२-८३ | खुला | खा.पा.स.टे. | ४ | स्थानीय इन्जि./सिभिल/ स्यानिटरी | १ |
| १० | ४०१०/०८२-८३ | महिला | खा.पा.स.टे. | ४ | स्थानीय इन्जि./सिभिल/ स्यानिटरी | १ |
| ११ | ४०११/०८२-८३ | दलित | खा.पा.स.टे. | ४ | स्थानीय इन्जि./सिभिल/ स्यानिटरी | १ |
| १२ | ४०१२/०८२-८३ | खुला | अमिन | ४ | स्थानीय इन्जि./सर्भे | ७ |
| १३ | ४०१३/०८२-८३ | आ.ज. | अमिन | ४ | स्थानीय इन्जि./सर्भे | २ |
| १४ | ४०१४/०८२-८३ | महिला | अमिन | ४ | स्थानीय इन्जि./सर्भे | २ |
| १५ | ४०१५/०८२-८३ | खुला | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | ८ |
| | | | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/वागवानी | १ |
| १६ | ४०१६/०८२-८३ | आ.ज. | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| १७ | ४०१७/०८२-८३ | महिला | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १८ | ४०१८/०८२-८३ | मधेशी | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १९ | ४०१९/०८२-८३ | मुस्लिम | नायव प्राविधिक सहायक | ४ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| २० | ४०२०/०८२-८३ | खुला | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ११ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | ७ |
| २१ | ४०२१/०८२-८३ | आ.ज. | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | २ |
| २२ | ४०२२/०८२-८३ | महिला | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | ४ |
| | | | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २३ | ४०२३/०८२-८३ | थारु | नायव पशु सेवा प्राविधिक | ४ | स्थानीय कृषि/ला.पो.एण्ड डे.डे. | १ |
| २४ | ४०२४/०८२-८३ | मधेशी | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २५ | ४०२५/०८२-८३ | मुस्लिम | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २६ | ४०२६/०८२-८३ | अपाङ्ग | नायव पशु स्वास्थ्य प्राविधिक | ४ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २७ | ४०२७/०८२-८३ | खुला | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | ७२ |
| २८ | ४०२८/०८२-८३ | आ.ज. | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | १९ |
| २९ | ४०२९/०८२-८३ | महिला | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | १९ |
| ३० | ४०३०/०८२-८३ | दलित | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | ३ |
| ३१ | ४०३१/०८२-८३ | थारु | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | ४ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| ३२ | ४०३२/०८२-८३ | मधेशी | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | ३ |
| ३३ | ४०३३/०८२-८३ | मुस्लिम | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | २ |
| ३४ | ४०३४/०८२-८३ | अपाङ्ग | अ.हे.ब. | ४ | स्थानीय स्वास्थ्य/हे.इ. | २ |
| ३५ | ४०३५/०८२-८३ | खुला | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | ५६ |
| ३६ | ४०३६/०८२-८३ | आ.ज. | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | १५ |
| ३७ | ४०३७/०८२-८३ | महिला | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | १५ |
| ३८ | ४०३८/०८२-८३ | दलित | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | ३ |
| ३९ | ४०३९/०८२-८३ | थारु | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | ३ |
| ४० | ४०४०/०८२-८३ | मधेशी | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | २ |
| ४१ | ४०४१/०८२-८३ | मुस्लिम | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | २ |
| ४२ | ४०४२/०८२-८३ | अपाङ्ग | अ.न.मी. | ४ | स्थानीय स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | २ |
| ४३ | ४०४३/०८२-८३ | खुला | वैद्य | ४ | स्थानीय स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | १ |
| ४४ | ४०४४/०८२-८३ | खुला | ल्याब असिष्टेण्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | ३ |
| ४५ | ४०४५/०८२-८३ | आ.ज. | ल्याब असिष्टेण्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |
| ४६ | ४०४६/०८२-८३ | महिला | ल्याब असिष्टेण्ट | ४ | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | १ |

**ख. अप्राविधिक तर्फ**

| क्र.स. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ४५०१/०८२-८३ | खुला | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ८३ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | ५ |
| २ | ४५०२/०८२-८३ | आ.ज. | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २२ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ३ | ४५०३/०८२-८३ | महिला | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २१ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ४ | ४५०४/०८२-८३ | दलित | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| | | | सह लेखापाल | ४ | स्थानीय प्रशासन/लेखा | १ |
| ५ | ४५०५/०८२-८३ | थारु | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ४ |
| ६ | ४५०६/०८२-८३ | मधेशी | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ७ | ४५०७/०८२-८३ | मुस्लिम | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ८ | ४५०८/०८२-८३ | अपाङ्ग | खरिदार | ४ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| ९ | ४५०९/०८२-८३ | खुला | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | ७ |
| १० | ४५१०/०८२-८३ | आ.ज. | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |
| ११ | ४५११/०८२-८३ | महिला | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | २ |
| १२ | ४५१२/०८२-८३ | थारू | सहायक महिला विकास निरीक्षक | ४ | स्थानीय प्रशासन/विविध/महिला विकास | १ |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिक तर्फः**

| क्र. सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १ | इन्जिनियरिङ/ सिभिल | ४ | असिष्टेण्ट सब इन्जिनियर | २०८३/१/५ गते बिहानको ७:३० बजे | २०८३/२/९ गते बिहानको ७:३० बजे |
| २ | इन्जिनियरिङ/ सिभिल/ स्यानिटरी | ४ | खा.पा.स.टे. | २०८३/१/६ गते बिहानको ७:३० बजे | २०८३/२/१२ गते दिनको २:०० बजे |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | इन्जिनियरिङ/सर्भे | ४ | अमिन | २०८३/१/७ गते बिहानको ७:३० बजे | २०८३/२/९ गते दिनको २:०० बजे |
| ६ | कृषि/कृषि प्रसार, वागवानी | ४ | नायव प्राविधिक सहायक | २०८३/१/९ गते बिहानको ७:३० बजे | २०८३/२/१६ गते दिनको २:०० बजे |
| ७ | कृषि/भेटेरिनरी, ला.पो.एण्ड डे.डे. | ४ | ना.प.स्वा. प्रा./ना.प.से. प्रा. | २०८३/१/१० गते बिहानको ७:३० बजे | २०८३/२/२३ गते बिहानको ७:३० बजे |
| ९ | स्वास्थ्य/हे.इ. | ४ | अ.हे.ब. | २०८३/१/१२ गते बिहानको ७:३० बजे | २०८३/२/२३ गते दिनको २:०० बजे |
| १० | स्वास्थ्य/नर्सिङ/मिडवाइफ्री | ४ | अ.न.मी. | २०८३/१/१४ गते बिहानको ७:३० बजे | २०८३/२/३० गते बिहानको ७:३० बजे |
| ११ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | ४ | वैद्य | २०८३/१/१५ गते बिहानको ७:३० बजे | २०८३/२/२५ गते दिनको २:०० बजे |
| १२ | स्वास्थ्य/मे.ल्या.टे./ज.ल्या.टे. | ४ | ल्याब असिष्टेण्ट | २०८३/१/१६ गते बिहानको ७:३० बजे | २०८३/२/३० गते दिनको २:०० बजे |

**ख. अप्राविधिक तर्फः**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|
| | | | | **प्रथम पत्र** | **द्वितीय पत्र** |
| १ | प्रशासन/सामान्य प्रशासन,लेखा | ४ | खरिदार/सह लेखापाल | २०८३/१/२६ गते बिहानको ७:३० बजे | २०८३/३/६ गते दिनको २:०० बजे |
| २ | प्रशासन, विविध, महिला विकास | ४ | सहायक महिला विकास निरीक्षक | २०८३/१/१९ गते बिहानको ७:३० बजे | २०८३/३/३ गते दिनको २:०० बजे |

**परीक्षा केन्द्रः** प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| चौथो | रु. ५००।- | रु. १५०।- |

**दरखास्त दिने अन्तिम मितिः** २०८२/११/१७ गते र दोब्बर दस्तुर तिरी २०८२/११/२४ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** २०८२/११/२५ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**दरखास्तको माध्यमः** खुला तथा समावेशी तर्फ विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट र आयोगबाट प्रकाशित स्मारीका (बर्ष ६ अंक ६) को लेखमा हेर्न सकिने छ।

**उम्मेदवारको उमेरको हदः-**२०८२/११/१७ गतेसम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।स्वास्थ्य सेवाको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरूः** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता/नवीकरण भएको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजामा समावेश गरी प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सम्बन्धित सेवा समूहको पदलाई तोकिएका कार्य।

**तलवः** तोकिए बमोजिम।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **असिष्टेण्ट सब इन्जिनियर, तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी. उत्तीर्ण।

२. **खा.पा.स.टे., तह ४, इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा एस.इ.इ. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा कम्तीमा एक महिनाको तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

३. **अमिन, तह ४, इन्जिनियरिङ सेवा, सर्भे समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्वे वा जियोमेटिक्स विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको।

४. **नायव प्राविधिक सहायक, तह ४, कृषि सेवा, कृषि प्रसार समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी उत्तीर्ण ।

५. **नायव प्राविधिक सहायक, तह ४, कृषि सेवा, कृषि वागवानी समूहः** मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टी.ए. (कृषि विज्ञान) विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण।

६. **नायव पशु स्वास्थ्य प्राविधिक, तह ४, कृषि सेवा, भेटेरिनरी समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टि.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

७. **नायव पशु सेवा प्राविधिक, तह ४, कृषि सेवा, ला.पो.एण्ड डे.डे समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई स्टक सुपरभाइजर विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा जे.टी.ए. (पशु विज्ञान) विषयमा कम्तीमा एक बर्षको तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

८. **अ.हे.ब., तह ४, स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सी.एम.ए. कोर्ष उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

९. **अ.न.मी., तह ४, स्वास्थ्य सेवा, नर्सिङ समूह, मिडवाइफ्री नर्सिङ उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१०.**वैद्य, तह ४, स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूहः** मान्यता प्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी/एस.इ.इ. पश्चात् एक वर्षको सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ता (AAHW) कोर्ष उत्तीर्ण गरी आयुर्वेद चिकित्सा परिषद्, नेपालमा नाम दर्ता तथा नवीकरण भएको।

११.**ल्याब असिष्टेण्ट, तह ४, स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह, जनरल ल्याब टेक्नोलोजी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको ।

१२.**खरिदार, तह ४, प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

१३.**सह लेखापाल, तह ४, प्रशासन सेवा, लेखा समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.)/एस.इ.इ. वा सो सरह उत्तीर्ण।

१४.**सहायक महिला विकास निरीक्षक, तह ४, प्रशासन सेवा, विविध समूह, महिला विकास उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

**नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् प्रवेशिका (एस.एल.सी वा एस.इ.इ.) परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ।**

**खुला तथा समावेशी परीक्षाको लागि सूचनाः**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम योग्य भएको हुनु पर्नेछ।

२. खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।

३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा प्रचलित कानूनी व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।

४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।

५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूह र कार्यालयको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू दरखास्त साथ पेश गर्नु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) **दलितका हकमाः** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) **थारुका हकमाः** थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर थारु आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएका जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

घ) **मधेशीका हकमाः** नेपाल सरकारले नेपाल राजपत्रमा वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) **मुस्लिमका हकमाः** राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत भएको मुस्लिम समुदायको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय मुस्लिम आयोगबाट सूचीकृत नभएसम्मको लागि र सूचीकृत भएको जातिको हकमा एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

च) **अपाङ्गता भएका व्यक्तिको हकमाः** प्रचलित कानून बमोजिमको अपाङ्गता परिचयपत्र दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**नोटः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १० बमोजिमको सुविधा एक व्यक्तिले सहायकस्तर तह र अधिकृतस्तर तहमा सेवा अवधिभरमा एक एक पटक मात्र लिन पाउनेछ।**

**द्रष्टव्यः**

**क) स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**घ) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ९ मा संघीय निजामती सेवा वा जुनसुकै प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय सरकारी सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारी स्थानीय सरकारी सेवाको खुला वा अन्तर स्थानीय तह प्रतियोगिता वा आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउने व्यवस्था भएकोले यो व्यवस्था आकर्षित हुने उम्मेदवारले दरखास्त फाराम भर्न पाउने छैन। दरखास्त फाराम भरिसेकपछि समान तहमा सिफारिस वा नियुक्ति भए सो को जानकारी सम्बन्धित उम्मेदवारले आयोगमा गराउनु पर्नेछ। उल्लिखित व्यवस्था आकर्षित हुने उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द हुनेछ ।**

**ङ) महिला विकास तर्फका पदहरूका लागि महिला मात्र उम्मेदवार हुन पाउने छन्।**

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको जुनसुकै माध्यमबाट प्राप्त भएको दरखास्त स्वीकृत गरिने छैन।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

ज) दरखास्त दिने अन्तिम मिति (२०८२/११/१७ गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ञ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**ट) विज्ञापन नम्बर र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन गर्न आयोग वाध्य हुने छैन।**

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ड) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ढ) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।